क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्षः २०, अङ्कः ५२, २०८२ साउन २० गते मंगलबार (5 Aug., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# सेती जलविद्युत आयोजनाका लागि जुट्यो लगानी

## दुई सय १६ मेगावाट क्षमताको बझाङ माथिल्लो सेती जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनमा सहमति

**–पश्चिम नेपाल संवाददाता**
**बझाङ, १९ साउन**

बझाङमा निर्माण हुने दुई सय १६ मेगावाट क्षमताको बझाङ माथिल्लो सेती जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनमा सहमति भएको छ ।

यो आयोजनाका लागि कुमारी बैंकको नेतृत्वमा विभिन्न बैंकहरु लगानी गर्न तयार भएका हुन् । एनएमबि बैंकको सहनेतृत्वमा माछापुच्छ्रे बैंक हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी, लक्ष्मी सन्राइज बैंक नेपाल इन्भेस्टमेन्ट मेगा बैंक प्रभु बैंक नेपाल एसबिआई बैंक एनआइसी एसिया बैंक कृषि विकास बैंक लुम्बिनी विकास बैंक सांग्रिला डेभलपमेन्ट बैंक कामना सेवा विकास बैंक र आइसिएफसी फाइनान्ससहितको सहवित्तीय व्यवस्थापनमा औपचारिक रूपमा सहमति भएको हो ।




यी संस्थाले २९ अर्ब १२ करोड लगानी गर्ने छन् । कुमारी बैंक र आयोजनाको प्रवर्द्धक कम्पनी समृद्धि इनर्जीबिच वित्तीय व्यवस्थापन सम्झौतामा हस्ताक्षर गरिएको छ । सम्झौतामा कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाल र प्रवर्द्धक कम्पनी समृद्धि इनर्जीका अध्यक्ष शैलेन्द्र गुरागाईंले हस्ताक्षर गरेका छन् । साइपाल गाउँपालिका वडा नम्बर ४ र ५ मा जलविद्युत आयोजना निर्माण हुने भएको छ । ४१ अर्ब ६० करोड लगानीको यस आयोजनाको आवश्यक वित्तीय पूर्वतयारी र ड्यु डिलिजेन्स स्टडीसमेत सम्पन्न भइसकेको छ । आयोजनाको ३० प्रतिशत स्वपुँजी प्रवर्द्धक कम्पनी समृद्धि इनर्जीले विभिन्न संस्थागत तथा व्यक्तिगत लगानीकर्तामार्फत संकलन गरिरहेको छ ।

# उखु किसान आन्दोलित

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १९ साउन**

सरकारले उखुमा दिँदै आएको अनुदान र कम कटौती गरेपछि कञ्चनपुरका किसान आन्दोलित बनेका छन् ।

कृषि प्रवर्द्धनका लागि सरकारले यअसघि प्रति क्विन्टल ७० रुपैयाँ अनुदान दिँदै आएको थियो। तर,चालू आर्थिक वर्षको बजेटले उक्त अनुदान कटौती गरेपछि उखु उत्पादक किसान आन्दोलित भएका हुन् । आन्दोलनको नेतृत्व गरिरहेको उखु उत्पादक किसान हकहित संरक्षण समितिले जिल्ला प्रशासन कार्यालय




कञ्चनपुरमार्फत प्रधानमन्त्री कार्यालयमा ज्ञापनपत्रसमेत पठाएको छ ।

समितिका कोषाध्यक्ष चेतनकुमार राईले उखु किसानमाथि अन्याय भएको भन्दै प्रशासनमार्फत ज्ञापनपत्र पठाएको बताए ।

# कक्षा १२ मा ५ वर्षयताकै उत्कृष्ट नतिजा, शिक्षा क्षेत्रमा सुधारको संकेत

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, १९ साउन**

माध्यामिक शिक्षाको अन्तिम (कक्षा १२) को परीक्षामा ५ वर्षयताकै धेरै विद्यार्थी उत्तीर्ण भएका छन् । सोमबार सार्वजनिक भएको नतिजाअनुसार यस वर्ष गतवर्षको तुलनामा उत्तीर्ण विद्यार्थी प्रतिशतमा ९ अंकको सुधार आएको छ ।

परीक्षामा नियमिततर्फ ३ लाख ९६ हजार ३४७ जना सहभागी भएकोमा ६१ दशमलव १९ प्रतिशत अर्थात् २ लाख ४२ हजार ४६५ विद्यार्थी उत्तीर्ण भएका छन् । आंशिकतर्फ १ लाख १४ हजार ६४० जना विद्यार्थी सहभागी भएकोमा ३६ दशमलव १४ प्रतिशत अर्थात् ४१ हजार ८४० जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

वैशाख २१ गते देखि जेठ २ गतेसम्म सञ्चालन भएको परीक्षामा ५ लाख १० हजार ९८७ विद्यार्थी सहभागी भएकामा २ लाख ८४ हजार ३०५ जना विद्यार्थी उत्तीर्ण भएका हुन् । नियमिततर्फ १ लाख ५३ हजार ८८२ जना र आंशिकतर्फ ७२ हजार ८०० विद्यार्थीले ननग्रेड पाएका छन् ।

प्रत्येक विषयमा सैद्धान्तिकतर्फ न्यूनतम ३५ प्रतिशत अंक नल्याए विद्यार्थीको नतिजा प्रकाशनमा ननग्रेडिङ हुने लेटर ग्रेडिङ निर्देशिका २०७८ ले व्यवस्था गरेको छ । परीक्षा दिएका मध्ये नियमिततर्फ ११ र आंशिकतर्फ ६ गरी १७ जना विद्यार्थीको परीक्षा रद्द भएको छ । अंग्रेजी, लेखा, सामाजिक र नेपालीमा धेरै विद्यार्थीले ननग्रेड पाएका छन् ।

१३ हजार ५०२ विद्यार्थीले ३.६ देखि ४ जीपीए ल्याएका छन् । नतिजा अनुसार २ दशमलव ८ देखि ३ दशमलव २ ल्याउने सबैभन्दा बढी विद्यार्थी छन् । यस वर्ष ९४ हजार २६८ जना विद्यार्थीले २ दशमलव ८ देखि ३ दशमलव २ जीपीए ल्याएका छन् । २.४ देखि २ दशमलव ८ प्रतिशत ल्याएर ६९ हजार ८ सय १२ जना उत्तीर्ण भएका छन् । ३.२ देखि ३.६ जीपीए ५५ हजार ८९६ जना विद्यार्थीले ल्याएका छन् । २.१ देखि २ .४ जीपीए ल्याउने विद्यार्थी संख्या ८ हजार ९६४ छन् । १.६ देखि २ जीपीए ल्याउने २३ जना विद्यार्थी छन् । यो नतिजा पाँच वर्षयताकै उत्कृष्ट हो । २०७८ सालको परीक्षामा ४६ दशमलव ४ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका थिए । २०७९ सालमा ५१ दशमलव ९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । २०८० को परीक्षामा नतिजा केही घटेको थियो । सो वर्ष ५०.९१ प्रतिशत उत्तीर्ण भएका थिए । गत वर्ष ५२ प्रतिशत विद्यार्थी कक्षा १२ मा ग्रेडिङ भएका थिए । गत वर्ष ५२.९१ प्रतिशत उत्तीर्ण भएका थिए । यस वर्ष ९ अंकको सुधार आएर ६१ दशमलव १७ प्रतिशत उत्तीर्ण भएका हुन् । माध्यमिक शिक्षाका लागि २०७८ सालमा नै लेटर ग्रेडिङ निर्देशिका लागू भएको थियो । 'नतिजा सुधारोन्मुख छ, खुसी भइहाल्ने अवस्था छैन' शिक्षाविद् धनञ्जय शर्मा कक्षा १२ को नतिजा सुधारोन्मुख देखिए पनि गुणस्तर का हिसाबले सन्तोषजनक नभएको बताउँछन् ।

'केही वर्षयताको नतिजा मूल्यांकन गर्दा यस वर्ष सुधारोन्मुख देखिएको छ । तर, विद्यार्थीको सिकाइदर सुधार हुन सकेको छैन । विषयगत रुपमा ननग्रेड ल्याउने विद्यार्थी संख्या ठूलो छ,' उनी भन्छन्, 'आंशिकतर्फका विद्यार्थी ठूलो संख्यामा ननग्रेड भएका छन् त्यसले सिकाइदरमा सुधार हुन नसकेको देखाउँछ । यद्यपि, नतिजा निराशाजनक होइन । गुणस्तरको हिसाबले माध्यामिक शिक्षा अपेक्षाकृत सुधार हुन सकेको छैन । आंशिकमा पास हुने विद्यार्थी संख्या गत वर्षको तुलनामा घटेको छ । संख्यात्मक हिसाबले बढे पनि सन्तोष गर्ने ठाउँ छैन ।' पास हुने विद्यार्थीको संख्या बढ्नुमा परीक्षा कसरी सञ्चालन भयो र उत्तरपुस्तिका कसरी परीक्षण गरियो भन्ने कुराले प्रभाव पारेको बताउँछन् ।

'परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, परीक्षा हलको वातावरण कस्तो थियो भन्नेले पनि निधारण गर्छ। यो वर्षको नतिजाले निराश हुने अवस्था छैन । तर, सरकारको लगानी, शिक्षकहरूको श्रम र विद्यार्थीको मेहनतको तुलनामा कम हो,' उनले भने । शिक्षाविद् बालचन्द्र लुइँटेल कक्षा १२ मा पास हुने विद्यार्थी संख्या बढ्नुलाई स्वाभाविक मान्छन् । 'शिक्षामा स्थानीय तहदेखि प्रदेश र संघ सरकारले लगानी गरेका छन्, मेहनत गरेका छन्, त्यसको प्रतिफल देखिएको हो । यो स्वाभाविक पनि हो, तर अहिले नै नेपालको शिक्षा प्रणाली सुधार भयो भनेर खुसी भइहाल्ने अवस्था भने छैन,' उनी थप्छन्, 'अहिले पास भएको नतिजालाई सकारात्मक रुपमा भने लिनुपर्छ ।' 'यो वर्ष कक्षा १० को नतिजा सुधारोन्मुख देखिएको थियो, अब विस्तारै शैक्षिक क्षेत्र सुधार हुँदै गएको भन्ने बुझ्न सकिन्छ,' उनले भने, 'नतिजा सुधार हुँदा परीक्षा राम्रोसँग सञ्चालन भएन, उत्तर पुस्तिका राम्रोसँग परीक्षण भएन भनेर प्रश्न गर्नु भने गलत हो । देशभरिका सबै परीक्षा केन्द्रले राम्रोसँग परीक्षा सञ्चालन गरेनन् भनेर कसरी प्रमाणित गर्न सकिन्छ ? केही जिल्लामा सामुदायिक विद्यालय निजीका तुलनामा अब्बल हुँदै गएका छन्, उनीहरूमाथि पनि हामीले प्रश्न उठाउने ?' बरु नतिजालाई लिएर टिप्पणी गर्नुभन्दा मेहनत गरे राम्रो नतिजा आउँछ भनेर शिक्षक र विद्यार्थीलाई उत्प्रेरित गर्नुपर्ने उनको तर्क छ ।

### 'विद्यार्थी टिकाउने शिक्षा दियौं त?'

शिक्षाविद् विद्यानाथ कोइराला भने विद्यार्थीलाई नेपालमा नै टिकाउने शिक्षा दिए/नदिएको परीक्षण गर्नुपर्ने बताउँछन् । 'हामीले विद्यार्थीलाई गरिखाने व्यावहारिक ज्ञान दिन सकेका छैनौँ, कक्षा १२ पछि विदेशिने विद्यार्थीको लर्को लाग्छ,' कोइराला भन्छन्, 'विद्यार्थी टिकाउने शिक्षा दिनुपर्‍यो, यान्त्रिक नतिजामा खुसी हुनु हुँदैन ।'

'विद्यार्थीलाई गरी खाने सीप नदिएका कारण विद्यार्थीमा खाडीमा भेटौँला भन्ने भाष्य स्थापित भएको छ । नेपालमा केही सम्भावना छैन भन्ने मानसिकता विकास भएको छ, त्यसलाई हटाउन सक्नु पर्छ,' उनले थपे, 'नतिजाको संख्यात्मक वृद्धिमा खुसी हुनु पर्दैन । अब विद्यार्थीलाई नेपालमा सम्भावना छ भन्ने देखाउन सक्नु पर्छ । पास भएका विद्यार्थीलाई नेपालमा टिकाउन सक्नुपर्‍यो । १२ पछि बाहिरिने क्रम रोक्नु पर्छ । यही माटोमा टिकाउन सक्ने वातावरण बनाउनु पर्छ ।'

### पूरक परीक्षा भदौ २८ र २९ गते

राष्ट्रिय परीक्षा बोर्डले ननग्रेडेड भएका विद्यार्थीका लागि भदौ २८ र २९ गते पूरक परीक्षा सञ्चालन गर्ने जनाएको छ । परीक्षामा नियमित परीक्षार्थीका रुपमा सहभागी भई सैद्धान्तिकतर्फ अन्य सबै विषयमा डी वा सोभन्दा माथिल्लो ग्रेड प्राप्त गरी बढीमा कुनै दुई विषयमा ननग्रेडेड भएका वा बढीमा दुई विषयको परीक्षामा अनुपस्थित रहेका परीक्षार्थीले मौका परीक्षा दिन पाउने बोर्डले जनाएको छ ।

कक्षा १२ को परीक्षाफलमा आफूले प्राप्त गरेको कुनै विषयको ग्रेडमा चित्त नबुझी पुनर्योग गर्न चाहने परीक्षार्थीहरूले प्रतिविषय ५०० रुपैयाँका दरले अनलाइन मार्फत दस्तुर बुझाई ०८२ साउन २० गते अपरान्ह १ बजेदेखि साउन २९ गते साँझ ५ बजेभित्र राष्ट्रिय परीक्षा बोर्डको वेबसाइटमा आवेदन दिनुपर्नेछ ।

प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्
CTEVT 1989
## भिमदत्त बहुप्राविधिक शिक्षालय
पाटन, बैतडी

**डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन एग्रीकल्चर(प्लान्ट साइन्स)मा नयाँ भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को आंगिक शिक्षालय भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडीमा नयाँ शैक्षिक सत्र २०८२/०८३ को लागि पूर्ण शुल्किय तर्फ, **डिप्लोमा इन एग्रीकल्चर (प्लान्ट साइन्स)**कार्यक्रममा ४० जनाको लागि तपशिल अनुसारका कोटाहरुमा आवेदन फारम खोलिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न. | कोटा | डिप्लोमा इन एग्रीकल्चर (प्लान्ट साइन्स) |
|---|---|---|
| १ | महिला | १ |
| २ | दलित, हलिया, पूर्व कमैया | १ |
| ३ | पिछडिएका, दुर्गम, आर्थिक विपन्न, आदिवासी जनजाती | १ |
| ४ | अपाङ्ग, द्वन्द पिडित, जनयुद्ध/मधेश आन्दोलन विस्थापित, घाइते, शहिद परिवार | १ |
| ५ | TSLC/प्रि-डिप्लोमा | ४ |
| ६ | परिषद् कर्मचारी कोटा | १ |
| ७ | बैतडी जिल्ला कोटा | - |
| ८ | दार्चुला जिल्ला कोटा | - |
| ९ | पाटन नगरपालिका कोटा | - |
| १० | खुला | २७ |
| ११ | वर्गीकृत छात्रवृति कोटा | ३ |
| १२ | जेहनदार छात्रवृति कोटा | १ |
| जम्मा | | ४० |

**प्रवेश परीक्षा शुल्क** :१०००।-(एक हजार मात्र)
**आवेदन फारम वितरण मिति** : २०८२/०४/१२ गते सोमबार देखि
**आवेदन फारम भर्ने अन्तिम मिति** : २०८२/०४/२० गते मंगलबारसम्म

**आवेदन फारमसाथ बुझाउनुपर्ने कागजातहरू**
◆**SEE/SLC** को लब्धाङ्क पत्रको प्रतिलिपि, ◆चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, ◆**SEE/SLC** को प्रमाण पत्रको प्रतिलिपि
◆जन्मदर्ता प्रमाण/नाबालिक प्रमाणपत्रको प्रतिलिपि ◆ आरक्षण कोटाको हकमा सम्बन्धीत निकायबाट सिफारिश पत्र
◆पासपोर्ट साइजको (**35 mm*45mm**) को रङ्गीन फोटो ३ प्रति

**आवश्यक न्युनतम योग्यता** :
**डिप्लोमा इन सिभल इन्जिनियरिङ्ग कार्यक्रमको** हकमा मान्यतआ प्राप्त शिक्षण संस्थाबाट **SEE** परीक्षामा **अनिवार्य गणित र विज्ञान बिषय लिई समग्रमा न्युनतम १.६ GPA** सबै कार्यक्रममा प्रि डिप्लोमा कोटाको लागि **कुल पूर्णङ्कमा ६८.३३ प्रतिशत** अंक प्राप्त गरी उत्तीर्ण गर को ।

सम्पर्क नम्बर : ०९५४०००९४, ९८५८७८०३२९
नोट : आवेदन फारम **www.bdpi.edu.np** अथवा **www.ctevt.org.np** बाट पनि प्राप्त गर्न सकिनेछ ।
परीक्षार्थीहरुले **www.ctevtexam.org.np** बाट अनलाईन आवेदन बुझाउन पर्नेछ ।

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**

# दार्चुलाको टिंकरमा अध्यागमन कार्यालय स्थापना हुन सकेन

**–पश्चिम नेपाल संवाददाता**
**दार्चुला, १९ साउन**

दार्चुला व्यास गाउँपालिका-१ मा पर्ने टिङ्करमा नेपाल सरकारको अध्यागमन कार्यालय स्थापना हुन सकेको छैन ।

नेपाल सरकार मन्त्रीपरिषद्को २०८१ कात्तिक ८ गतेको बैठकले यहाँको भारत र चीनसँग जोडिएको सीमानाका टिङ्करमा अध्यागमन कार्यालय स्थापना गर्ने निर्णय गरेको थियो । मन्त्रीपरिषद्को बैठकले सीमा प्रशासन कार्यालय व्यास छाङरु दार्चुला, सीमा प्रशासन कार्यालय पशुपतिनगर इलाम र अध्यागमन कार्यालय पशुपतिनगर खारेज गर्ने निर्णय गरेको थियो । साथै बैठकले अध्यागमन कार्यालय कोरला मुस्ताङ, अध्यागमन तथा सीमा प्रशासन कार्यालय टिङ्कर दार्चुला र अध्यागमन तथा सीमा प्रशासन कार्यालय पशुपतिनगर इलामको सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको थियो । आधिकारिक निर्णय भएको नौ महिना बितिसक्दासमेत टिङ्करमा कार्यालय स्थापना नहुनु दुःखद भएको दार्चुला उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेशसिंह थापाले बताए ।

'चीनसँगको नाकामा अध्यागमन कार्यालय स्थापना गरिनु हामी जिल्लावासी र व्यापारीका लागि खुसीको कुरा हो, सरकारले यथाशघ्रि निर्णय कार्यान्वयन गर्नु पर्छ,' उनले भने । 'कार्यालय स्थापना गर्न दबाब दिन निकट भविष्यमै सरोकारवाला संयुक्त रूपमा जिल्ला प्रशासन कार्यालयमा जान्छौं,' उनले थपे । मन्त्रीपरिषद्ले निर्णय गरेपश्चात यहाँको जिल्ला प्रशासन कार्यालयनजिकै रहेको भवनको एउटा सानो




कोठामा अध्यागमन तथा सीमा प्रशासन कार्यालय टिङ्करको बोर्ड बनाएर कार्यालय राखिएको छ । अध्यागमन कार्यालयमा अहिले नायब सुब्बा गोपालसिंह बोहरालाई निमित्तको जिम्मेवारी प्रदान गरिएको छ ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले भौतिक पूर्वाधार र जनशक्ति अभावका कारण कार्यालय स्थापना गर्न नसकिएको बताए । जनशक्ति अभाव र भौतिक पूर्वाधार अभावबारा नेपाल सरकार गृह मन्त्रालयलाई लेखेर पठाएको प्रमुख जिल्ला अधिकारी पौडेलले बताए । सरकारले अध्यामगन कार्यालयलाई बहुआयामिक बनाएर स्थापना गर्न सके यहाँको सबै समस्या हल हुने उनले बताए । सीमा प्रशासन, भन्सार र अध्यागमन कार्यालयलाई एकै ठाउँबाट सञ्चालन गर्ने गरेर स्थापना गर्न सके मात्रै बहुआयामिक हुने उनको भनाइ छ । दार्चुलाको टिङ्कर नाका कैलाश मानसरोवर जानका लागि सबैभन्दा छोटो नाका हो ।

# बडीमालिका मेलामा सेनाले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने

**–पश्चिम नेपाल संवाददाता**
**बाजुरा, १९ साउन**



बाजुराको बडीमालिकामा साउन २१ गते देखि सुरु हुने मेलामा नेपाली सेनाको निःशुल्क शिविर आयोजना गर्ने भएको छ ।

ईश्वरीबक्स गुल्म बाजुराले मेलाको अवसरमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गर्न लागेको हो। उच्च स्थानमा रहेको बडीमालिका क्षेत्रमा लेक लाग्ने अक्सिजनको मात्र कम हुने भएकोले यस्ता बिरामीहरूको आकस्मिक उपचार का लागि सेनाले शिविर आयोजना गर्न लागेको ईश्वरीबक्स गुल्म बाजुराका गुल्म पती सेनानी कृष्ण तिमिल्सेनाले बताए ।

मेलामा अक्सिजन सहितको स्वास्थ्य शिविर सँगै नेपाली सेनाको हेलिकोप्टर समेत तयारी अवस्थामा राखिने उनले बताए । सेनाले बाटोमा हिँड्ने पैदल यात्रीका लागि बाटो सम्बन्धी जानकारी खानेपानीको व्यवस्थापन, अस्थायी शौचालय व्यवस्थापन लगायत संरचना निर्माण गरेको छ ।

बडीमालिकामा हरेक वर्ष जनैपुर्णिमा अघिल्लो दिन अर्थात् साउन शुक्ल चतुर्दशीको दिन अर्थात् असोज २३ गते मेला लाग्दै छ । मेलाका लागि भक्तजनहरू एक हप्तादेखि हिँड्न थालिसकेका छन् ।

# दोधारा चाँदनी सुक्खा बन्दरगाह : पूरा हुँदै डेढ दशकदेखिको सपना

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १९ साउन**

दोधारा चाँदनी: डेढ दशकअघि दोधारा चाँदनीमा सुक्खा बन्दरगाह बन्ने हल्ला सुनेका कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-१ का स्थानीय उत्तर भट्टलाई अहिले सपनाजस्तै लाग्छ । महेन्द्रनगर आवतजावत गर्न भारतको बाटो प्रयोग गर्नुपर्ने उनले महाकाली नदीमा पुल बन्ला र सुक्खा बन्दरगाह निर्माण होला भन्ने कल्पनासमेत गरेका थिएनन् ।

'महाकालीमा किस्तीबाट महेन्द्रनगर जानुपर्थ्यो कोही बिरामी भए पनि उपचारमा समस्या हुन्थ्यो, एम्बुलेन्स आउने बाटो थिएन,' भट्टले भने, 'अहिले घरै अगाडि छ लेनको पक्की सडक पुगेको छ नजिकै सुक्खा बन्दरगाह निर्माण सुरु भएको छ मलाई त सपनाजस्तै लाग्छ ।' विसं २०२२ देखि यहाँ बस्दै आएका उनले विगतमा अनेक दुःख खेपेको बताउँदै अहिले महाकाली नदीमा पक्की पुल र सडक बनेपछि दोधारा चाँदनीको मुहार फेरिएको बताए ।

'महेन्द्रनगर जान भारतको बाटो भएर जानुपर्थ्यो भारतीय सुरक्षाकर्मीले अनेक बहानामा दुःख दिन्थे,' उनले भने,'नेताहरूले सुक्खा बन्दरगाह बन्ने आश्वासन दिएको दशक बढी भएपछि हामीलाई यसरी विकास होला भन्ने लागेको थिएन ।' उनले घर नजिकै बन्दरगाह निर्माण हुने भएपछि यहाँको उत्पादनले बजार पाउने अपेक्षा गरेको बताए ।

दोधारा चाँदनी-१ का स्थानीय डम्बर धामीका एक छोरा रोजगारीका लागि भारतको बेंग्लोरमा छन् । बन्दरगाह निर्माणपछि छोरोले घर छेउमै रोजगारी पाउने उनको आशा छ। 'बन्दरगाह बनेपछि घरमै पसल राखे पनि राम्रो चल्छ, भारत जनुपर्दैन,' उनले भने, 'अहिले यहाँ धेरै मानिसको आवतजावत पनि बढेको छ ।' उनले महाकाली नदीमा पक्की पुल र सुक्खा बन्दरगाहसम्म छ लेनको पक्की सडक बनेपछि यहाँको जग्गाको मूल्य समेत बढेको बताए । विगतमा रु एक दुई लाखमा बिक्री हुने यहाँको जग्गाको मूल्य अहिले रु ७० लाखसम्म बिक्री भइरहेको छ ।

विसं २०६४ मा सरकारले कञ्चनपुरको दोधारा चाँदनीस्थित सुक्खा बन्दरगाह निर्माण गर्ने घोषणाले यहाँका व्यवसायीले समेत तेस्रो मुलुकसँग व्यापारको ढोका खुल्ने अपेक्षा गरेका थिए ।

त्रिदेशीय नाकाको सपना देखेका यहाँका व्यवसायीले १८ वर्षपछि दोधारा चाँदनीमा सुक्खा बन्दरगाह बन्ने सुनिश्चितता पाएका छन् । छिमेकी मुलुक भारतको रूद्रपुर सबैभन्दा ठूलो औद्योगिक क्षेत्र हो । नेपालको दोधारा चाँदनीदेखि ९० किलोमिटर टाढा रहेको उक्त औद्योगिक क्षेत्र पुग्न दुई घण्टा लाग्छ । यति छोटो दूरीमा रहेको औद्योगिक क्षेत्रसँग सुदूरपश्चिमले अहिलेसम्म व्यापारिक कारोबार गर्न



पाएको छैन । त्यसकारण पनि दोधारा चाँदनीमा बन्ने सुक्खा बन्दरगाह निर्माणसँगै यस क्षेत्रको व्यापार विस्तारको ढोका खुल्ने यहाँका व्यवसायीहरू बताउँछन् ।

'दुई घण्टाको दूरीमा रहेको भारतको सबैभन्दा ठूलो औद्योगिक क्षेत्रबाट वस्तु आयात गर्दा ३०० किलोमिटर घुमाएर यहाँ ल्याउनपर्ने बाध्यता जसकारण यातायातमै महँगो शुल्क तिर्नुपर्ने बाध्यता छ,' उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर मल्लले भने, 'बन्दरगाह निर्माणपछि सुदूरपश्चिम मात्रै नभई मुलुककै आर्थिक समृद्धि हासिल गर्न ठूलो सहयोग पुग्छ ।' उनले अहिले रूपैडियासँगै भैरहवा र वीरगञ्ज नाका प्रयोग गरेर भारतको रूद्रपुर औद्योगिक क्षेत्रमा आयात निर्यात हुने गरेको बताए ।

'सुदूरपश्चिममा जडीबुटीलगायतका थुप्रै सम्भावना छन् बन्दरगाह निर्माणपछि हामीले तेस्रो मुलुकसँग पनि व्यापार गर्न सहज हुन्छ', उनले भने, 'यसले वस्तुको लागत त घट्छ नै रोजगारीका सम्भावना समेत खुल्छन् ।' उनले भारतको राजधानी नयाँदिल्ली र उत्तराखण्डस्थित औद्योगिक क्षेत्र रूद्रपुरसम्म सहज पहुँच हुने हुँदा सुदूरपश्चिमको विकासमा ठूलो योगदान मिल्ने बताए ।

विसं २०६४ मा सुक्खा बन्दरगाह निर्माण गर्ने घोषणा गरेपनि विभिन्न प्रक्रियागत अल्झनका कारण निर्माणको प्रक्रिया अघि बढ्न सकेको थिएन । सरकारले डेढ दशकपछि दोधारा चाँदनी नगरपालिका-१ स्थित सुक्खा बन्दरगाह निर्माण अघि बढाएको हो । नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले सुक्खा बन्दरगाहको प्रारम्भिक निर्माण कार्यको थालनी भएको जानकारी दिएका छन् । 'निर्माण कार्यको प्रारम्भिक काम सुरू भएको छ पहिलो चरणमा यहाँ फिलिङ, पर्खाल निर्माण र निर्माणको लागि आवश्यक सामग्री ल्याउने काम गर्नुहुन्छ', उनले भने, 'यसको विधिवत् रूपमा दुवै देशका प्रधानमन्त्रीहरूले शिलान्यास गर्नुहुन्छ ।' उनले बन्दरगाह निर्माणपछि सुदूरपश्चिम मात्रै नभएर नेपालकै आर्थिक विकासमा टेवा पुग्ने बताए । 'यो व्यापारिक पूर्वाधारले भारतबाट आयात मात्रै नभएर निर्यात गर्ने गरी उद्योगधन्दा खोल्नुपर्छ', उनल भने, 'यही नाका भएर तेस्रो मुलुकसँग निर्यात गर्न सकिने ठूलो अवसर छ त्यसकारण निर्यात गर्ने गरी पनि उत्पादनमा जोड दिनुपर्छ ।' बन्दरगाह निर्माणका लागि दोधारा चाँदनी नगरपालिका-१ स्थित गौरीशङ्कर सामुदायिक वनको ४२ दशमलव ३६ हेक्टर क्षेत्रफलमा पूर्वाधार निर्माणको थालनी भएको छ । भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण हुने सुक्खा बन्दरगाहका लागि नेपाल सरकार र भारत सरकारबीच जुन १, २०२३ मा समझदारीपत्रमा हस्ताक्षर भएको थियो । सोही सम्झौताअनुसार भारतीय पक्षले बन्दरगाह निर्माणका लागि दुई अर्ब ५४ करोड ३१ लाख ९९ हजार भारतीय रूपियाँ लागतमा ठेक्का सम्झौता गरेको हो । बन्दरगाह निर्माणका लागि प्रयोग हुने ४२ दशमलव ३६ हेक्टर क्षेत्रफलमा दुई वटा गोदाम भवन, भन्सार चेक जाँच भवन, क्वारेन्टाइन भवन, इमिग्रेसन भवन, सुरक्षा भवनललगायत पूर्वाधार निर्माण हुने इन्टरमोडल यातायात विकास समितिले जनाएको छ ।

सुदूरपश्चिममा अहिलेसम्म भारतसँगको कनेक्टिभिटी सजिलो ढङ्गले विकास नभएका कारण भारतसँग व्यापार गर्न पाइएको छैन । कैलालीको त्रिनगर नाकामा भारतसँग आवतजावतबाहेक व्यापारिक लाभ हुन सकेको छैन । छिमेकी मुलुक भारतका सबैभन्दा ठूला औद्योगिक सहरहरू र महत्वपूर्ण आर्थिक गतिविधि र औद्योगिक करिडोर भएका सहरहरूसँग सुदूरपश्चिमको कञ्चनपुर नजिकबाट जोडिएको जिल्ला हो ।

सुक्खा बन्दरगाह निर्माणसँगै पश्चिममी नाका सञ्चालनमा आए सुदूरपश्चिममा थुप्रै सम्भावनाको ढोका खुल्ने भए पनि नेपालले भने त्यसको पूर्वतयारीमा जुट्नुपर्ने आर्थिक विश्लेषक गोकर्ण अवस्थी बताउँछन् । 'यो नाका सुचारु हुनेबित्तिकै लामो दूरीबाट आवतजावत गर्नुपर्ने बाध्यता हट्छ', उनले भने, "नाका सुचारूपूर्व सुदूरपश्चिममा सर कारले औद्योगिक र कृषिको विकास गर्नसके यसले भारतको उत्तर प्रदेश र उत्तराखण्डमा बजार पाउँछ ।' नेपालले सुक्खा बन्दरगाहसम्मको छ लेनको पहुँच मार्ग र महाकाली नदीमा चार लेनको पक्की पुल सञ्चालनमा आइसकेको छ ।

**महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर**

**भर्ना सम्बन्धि सूचना**

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।

**भर्ना कार्यक्रम**
Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि
Online बाट फाराम भर्ने अन्तिम मिति (२०८२ साउन २६ गतेसम्म
Online आवेदनका लागि www.ctevt.org.np अन्र्तगत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ ।
**नोट** : Online आवेदन फाराम शिक्षालयमा आएर निःशुल्क रुपमा भर्न सकिनेछ ।

**सिट संख्या**
मेडिकल ल्याब टेक्नोलोजी ३० जना, समान्य चिकित्सा ४० जना, डिप्लोमा इन फार्मेसी ४० जना
अप्थाल्मिक साइन्स ४० जना, (१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet , (२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी, (५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

**सम्पर्क महाकाली बहुप्राविधिक शिक्षालय**
भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९(५२००४४,९८४८७२०२४७,९८४८७२६८६५

विगत १२ वर्षदेखि महेन्द्रनगरमा सञ्चालनमा रहेको सु.प. कै उत्कृष्ट कलेज
ADMISSION OPEN!
100% JOB PLACEMENT
+2
HOTEL MANAGEMENT
COMPUTER COMMERCE
SEEमा जुनसुकै ग्रेड आए पनि पढ्न पाईन्छ।
Hotel Management
Courses
F & B Service
F & B Production (Cook)
Bartender/Sushi Training
Barista Coffee Training
Housekeeping
50% SCHOLARSHIP FOR GIRLS
Bheemdatt-18, Janakitole
(Near Florida School)
Mahendranagar, Kanchanpur
099-520086, 9848857933,
9865691710
APEX GODAWARI ACADEMY

## ट्रम्पले भने : भारतविरुद्ध अझै भन्सार बढाउँछु

**काठमाण्डौ** : अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतविरुद्ध भन्सार महसुल बढाउने बताएका छन् । सामाजिक सञ्जाल प्लेटफर्म ट्रुथ सोसलमा उनले लेखेका छन्, 'भारतले रुसबाट ठूलो मात्रामा तेल मात्र खरिद गरिरहेको छैन, तर यो तेलको ठूलो हिस्सा खुला बजारमा बेचेर ठूलो नाफा पनि कमाइरहेको छ । उनीहरूलाई रुसको युद्ध मेसिनले युक्रेनमा कति मानिसहरूलाई मारिरहेको छ भन्ने वास्ता छैन । यस कारणले गर्दा, म भारतमाथि कर बढाउनेछु ।'

यसअघि जुलाई ३० मा ट्रम्पले भारतबाट अमेरिका आउने सामानमा २५ प्रतिशत कर लगाउने घोषणा गरिसकेका छन् । ट्रम्पले भारतले रुसबाट सैन्य उपकरण र तेल खरिद गर्न जारी राख्यो भने विद्यमान करको अतिरिक्त थप जरिवाना पनि लगाउने चेतावनी दिएका थिए ।

भारतले गरेको यो खरिदले रुसलाई युक्रेनमा युद्ध जारी राख्न मद्दत गरिरहेको दाबी ट्रम्पले गरेका छन् ।

## वेदकोट-१० वडा भित्रका सबै छाउगोठ भत्काइयो

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १९ साउन**

कञ्चनपुरको वेदकोट नगरपालिका-१० मा वडाभित्रका सम्पूर्ण छाउगोठ भत्काइएका छन् । वडा अध्यक्ष रतन सिंह बिष्टका अनुसार वडाभित्र रहेका २३ वटा छाउगोठ भत्काइएका हुन् । वडा अध्यक्ष बिष्टले आफ्नो वडामा समाजमा सकारात्मक परिवर्तन ल्याउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

वडा अध्यक्ष बिष्ट यस अभियानमा आफैँ सक्रिय रूपमा सहभागी भई घर घर पुगेका थिए । उनले छाउगोठ भत्काउनुका साथै छाउगोठ प्रयोग नगर्नका लागि स्थानीय बासिन्दाहरूलाई जनचेतना फैलाएका थिए ।

यस कार्यले समाजमा विद्यमान अन्धविश्वास र कुप्रथालाई हटाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ । यस अभियानमा वडा अध्यक्ष बिष्टलाई वडाका स्वयंसेविकाहरूले पनि सक्रिय साथ दिएका थिए । त्यस्तै अभियानमा वडा अध्यक्ष बिष्टलाई नेपाल प्रहरी लगायत विभिन्न गैरसरकारी संस्थाहरूले समेत साथ दिएका छन् ।

जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले गत असार ३० गते जिल्लाभर छाउगोठ भत्काउन निर्देशन दिएको थियो । कृष्णपुर नगरपालिका-१ निगाली टोलमा २८ वर्षीया कमला आउजी दमाईको सर्पको डसाइबाट छाउगोठमै मृत्यु भएपछि जिल्ला प्रशासन कार्यालयले यो अभियान सुरु गर्न निर्देशन दिएको थियो ।

यसै निर्देशन अनुसार वेदकोटनगरपालिकाले पनि छाउगोठ भत्काउने कार्यलाई तीव्रता दिएको हो । यस अभियानले छाउगोठ प्रयोग गर्ने परम्परालाई अन्त्य गर्न र महिलाहरूको स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

# अवैध रुपमा पालेका चित्तल वन कार्यालयलाई हस्तान्तरण



**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १९ साउन**

कञ्चनपुरको कृष्णपुर नगरपालिकाले अवैधरुपमा पालन गर्दै आएको चित्तलहरू वाणी सव डिभिजन वन कार्यालयलाई हस्तान्तरण गरेको छ ।

विगत एक वर्षदेखि अवैधरुपमा चित्तल पालन गर्दै आएको कृष्णपुर नगरपालिकाले आइतबार दिउँसो वाणी सव डिभिजन वन कार्यालयलाई हस्तान्तरण गरेको हो। कृष्णपुर नगरपालिकाका सूचना अधिकारी प्रेम बोगटीले विगत एक वर्ष पहिले घाइते अवस्थामा फेला परेको चित्तलको सम्पूर्ण उपचार पछि आइतबार वाणी सव डिभिजन वन कार्यालय कञ्चनपुरलाई हस्तान्तरण गरिएको पुष्टि गरे ।

वाणी सव डिभिजन वन कार्यालय कञ्चनपुरका वरिष्ठ वन अधिकृत भरत प्रसाद शाहले आइतबार एक भाले र पोथी गरी दुई चित्तलको नगरपालिकाबाट उद्धार गरेर सुरक्षित स्थानमा लगिएको बताए । यस अघि डिभिजन वन कार्यालय कञ्चनपुरले वाणी सव डिभिजन वन कार्यालयलाई चित्तलको विषयमा जाँचबुझ प्रतिवेदन पेश गर्न आदेश दिएको थियो ।

सोही अनुरूप प्रक्रिया पुगाएर भाले र पोथी चित्तललाई डिभिजन वन कार्यालय मार्फत शुक्लाफाँटा निकुञ्जको कार्यालयलाई बुझाइएको उनले बताए । अहिले दुवै चित्तलहरुलाई निकुञ्जको उद्दार केन्द्रमा राखिएको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयका सहायक प्रमुख राजेश लम्सालले निकुञ्जमा ल्याइएका चित्तलहरू केही दिनमा प्राकृतिक वासस्थानमा छोडिने बताए ।

'निकुञ्जको कार्यालयमा भाले र पोथी गरी दुई वटा चित्तल ल्याइएको छ, उनले भने,-भाले चित्तलको खुट्टामा घाउ रहेकाले उपचार पछि सुरक्षित वासस्थानमा लगेर छाड्छौ ।' विगत एक वर्षदेखि अनुमति नलिएरै चित्तल पालन गरेको भन्दै कृष्णपुर नगरपालिकाका नगरप्रमुख हेमराज ओझा विवादमा तानिएका थिए । शनिवार महेन्द्रनगरमा पत्रकार भेटघाट कार्यक्रम गर्दै नगरप्रमुख ओझाले घाइते चित्तल ल्याएर नगरपालिकामा उपचार गरिएको प्रतिक्रिया दिएका थिए ।

## युवती मृत घटनामा दोषि उपर कानुनी कार्बाहीको माग

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १९ साउन**

कञ्चनपुरको बेलडाँडी गाँउपालिका २ सिहपाल टोलकी सम्झना भट्ट मृत्यु प्रकरण छानबिनका साथै दोषि उपर कानुनी कार्बाहीको माग अघि सारिएको छ । भीमदत्त नगरपालिका-६ ऐठपुर महेन्द्रनगर माईती पक्षले सम्झनाको शंकास्पद मृत्यु भएको भन्दै छानबिन गरेर दोषि उपर कार्बाहीको माग अघि सारेका हुन । मृतक सम्झनाका बाबु भोजराज भट्ट बिहे गरेपछि घर परिवारमा पटक पटक मानसिक तनाव दिने गरेको बताए ।

उनका अनुसार एक दिन अघि पनि ईप्रका बेलडाँडीमा सम्झना र उनका श्रीमान पवनलाई प्रहरीले सम्झाई बुझाई गरेको थियो । सम्झना आफ्नै घरमा झुण्डिएर मृत फेला परेपछि माईती पक्षले शरिरमा निलडाम, घाउचोट भएकाले मर्न बाध्य बनाएको आशंका गरेका छन । 'बिहे भएपछि छोरीलाई पटक पटक मानसिक तनाव दुख दिने काम गर्दै आएका थिए, 'उनले भने, 'छोरीले घरमा पनि यस्तै भन्दै आएकी थिईन, शनिबारै घर आउन खोजेपछि क्याम्पमा सम्झनासंग एक हजार रुपैया नहुँदा घर फर्किइनन्, बिहानै पनि प्रहरीले आएर झै झगडा नगर्न सम्झाई बुझाई गरेर पठाएको थियो, तर पनि छोरी बाँचिनन् ।' सम्झनाका साथीहरुले समेत विवाह पछि मानसिक तनाव दिने गरेको बताएका छन । सम्झनाका साथी सेजल कुँवरले लव गरेर विवाह गरेपछि श्रीमानले दुख दिने गरेको गुनासो गर्दै आएको बताईन । उनले श्रीमानले यतिकै दुख दिने गरेको आफुसंग गुनासो पोख्दै आएको तर, कहिकतैबाट समस्याको समाधान नभएको बताईन । मृतक सम्झनाकी बहिनी आरती भट्टले भिनाजुले आनावश्यक तनाव दिएकाले घटना घटेको बताउँदै न्यायका लागि आव्हान गरेकी छिन । एलबिए कक्षा १२ मा अध्ययनरत छोरी गुमाएपछि भट्ट परिवार शोकमा डुबेको छ ।

सम्झनाको शव महाकाली अस्पतालमा र ाखिएको छ । घटना लगत्तै प्रहरीले सम्झनाका श्रीमान पवन भट्टलाई सोछपुछका लागि जिप्रका ल्याएको प्रहरीले जनाएको छ । कञ्चनपुरका प्रहरी प्रवक्ता सागर बोहराले घटना बारे अनुसन्धान भईरहेको बताए । प्रवक्ता बोहराले अनुसार घटना स्थलदेखि सबै कोणबाट अनुसन्धान अघि बढाईएको बताए ।

# प्रधानमन्त्री ओली तुर्कमेनिस्तानमा



**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, १९ साउन**

प्रधानमन्त्री केपी शर्मा ओली भूपरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडिसी)को तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा सहभागिताका लागि आज तुर्कमेनिस्तान पुगेका छन् ।

प्रधानमन्त्री ओली नेतृत्वको टोली स्थानीय समय अनुसार दिउँसो १४.३० बजे दुबई अन्तर्राष्ट्रिय विमानस्थल हुँदै तुर्कमेनिस्तानको आवाजा सहर पुगेका हुन् । उनले तुर्कमेनिस्तानबासी अन्तर्राष्ट्रिय विमानस्थलमा तुर्कमेनिस्तान सरकार (मप)का उपाध्यक्ष होजाम्यारात जेल्डिम्यारादोभ, संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोग, न्युयोर्कका आवासीय प्रतिनिधि लोकबहादुर थापालगायतले स्वागत गरे ।

यही साउन २० देखि २३ गतेसम्म (५ देखि ८ अगस्ट) अवाजा सहरमा आयोजना हुने सम्मेलनमा तुर्कमेनिस्तानका राष्ट्रपति सेरदार बेरदिमुहामेदोभ र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको औपचारिक निमन्त्रणामा प्रधानमन्त्री ओली तुर्कमेनिस्तान गएका हुन् ।

## जङ्गली जनावरको आतंकले खेतबारीमै बास

**–पश्चिम नेपाल संवाददाता**
**बैतडी, १९ साउन**

जङ्गली जनावरले मकैबालीलगायतका बालीनाली र तरकारी सखाप पार्न थालेपछि यहाँका किसानहरुको बास खेतबारीमै हुन थालेको छ ।

बँदेल, दुम्सी, बाँदर, भालुले अन्नबाली नष्ट गर्न थालेपछि किसानहरु चिन्तित बनेका हुन् । जिल्लाका १० वटै स्थानीय तहमा जङ्गली बँदेलले मकैबालीमा क्षति पु-याउने गरेको छ । दोगडाकेदार गाउँपालिकामा जङ्गली बँदेलले मकैबाली नष्ट गरेर हैरान बनाएको स्थानीय चन्द्रसिंह विष्टले बताए। मकैबाली जोगाउन रातदिन बारीमै बास बस्दै आएको उनको भनाइ छ ।

उनले भने, 'रातदिन जाग्राम बस्दासमेत मकैबाली जोगाउन मुस्किल भएको छ । खेतबारीमा टहरा बनाएर पहरा दिँदा मकैबाली जोगाउन सकिएको छैन ।' भर्खरै घोगा लाग्न लागेको मकैबाली बँदेलले नष्ट गर्न थालेपछि किसानहरुमा भोकमरी हुने चिन्ता छाएको पुर्चौडी नगरपालिकाका पुरनसिंह ऐरले बताए । बैतडी मकै उत्पादन हुने जिल्ला भएकाले यहाँको दशरथचन्द नगरपालिका, पाटन नगरपालिका, सूर्नया गाउँपालिका, पञ्चेश्वर गाउँपालिका र दोगडाकेदार गाउँपालिकामा मकै जोन कार्यक्रम सञ्चालनमा छ ।

ती स्थानीय तहमा किसानलाई मकैबाली जोगाउन धौ-धौ परेको मकै जोन कार्यालयकी नायब प्राविधिक सहायक भावना भट्टले बताए । हरेक वर्ष मकैबालीमा जङ्गली जनावरले क्षति पुऱ्याउने गरेको पञ्चेश्वर गाउँपालिका-०४ का किसान रामदत्त भट्टले बताए । उनले भने, 'मकै जोगाउन खेतमा टहरा बनाएर बस्दा जङ्गली बँदेलले मकैबाली नष्ट गर्ने गरेको छ । रातभरि जाग्राम बस्दासमेत मकैबाली जोगाउन धौ-धौ परेको छ । हरेक वर्ष मकैबाली जोगाउन दुई महिना अनिदो बस्नुपर्छ ।' बैतडीमा १२ हजार एक सय हेक्टरमा मकैखेती गरिन्छ । जङ्गली जनावरकै कारण मकैखेती गर्ने किसानको सङ्ख्या घट्दै गएको छ । कतिपयले खेत बाँझै राखेका छन् ।

## नेपाल-भारत सीमा क्षेत्रबाट ७८ लाखसहित एक जना पक्राउ

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १९ साउन**

नेपाल-भारत सीमा नाकाबाट ७८ लाख नेपाली रुपैयाँ सहित एक जना पक्राउ परेका छन्। कञ्चनपुर सँग सीमा जोडिएको भारतीय भूमिबाट एक जना पक्राउ परेका हुन। भारतीय सीमा सुरक्षा बल ( एसएसबी)ले ७८ लाख नेपालीसहित एक जनालाई पक्राउ गरेको हो ।

उनी भारतीय नागरिक रहेका सीमा सुरक्षा बलले बताएको छ । विशेष सूचनाको आधारमा सीमा चौकी वनबसाको टिमले अन्तरराष्ट्रिय चेक पोष्टमा चेक जाचको क्रममा भारतबाट नेपाल आउदै गरेको एक जनालाई सँकाको आधारमा उनले चलाएको मारुति अर्टिगा यूकेओ ३ टी ए २०२१ लाई खान तलासी गर्दा रकम फेला पारेको हो। भारतको चम्पावत जिल्ला वनबसा मिना बवार बस्ने रजा अन्सारीका छोरा वर्ष ३२ वर्षीय सलमान अन्सारीलाई नियन्त्रणमा लिएको एसएसबीले बताएको छ ।

एसएसबीले सोधपुछ गर्दा सलमान अन्सारीले नेपाली ७८ लाख रुपैयाँ कुनै व्यक्तिलाई दिन गईरहेको र कसलाई दिने र कुन प्रयोजनको लागि, कहाँ बाट ल्याएको भन्ने अनुसन्धानमा नखुले पछि एसएसबीले रकम जफत गरेको बताएको छ । भटनाका विषयमा थप अनुसन्धान जोरी रहेको छ ।




चट्याङबाट बच्न निम्न उपाय अपनाऔं ।

घरबाहिर हुँदा

❖ आकाशमा बिजुली चम्किदा, गड्याङगुड्ङ हुँदा घरभित्र जाऔं,
❖ नजिकै घर नभए ओतमा बसौं,
❖ रुख वा बिजुलीको पोलमुनि नबसौं,
❖ छाता नओढौं,
❖ खेतबारीमा काम नगरौं,
❖ कुनै ओत नभए दुबै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
❖ भूँईमा लम्पसार परेर नसुतौं ।

घरभित्र हुँदा

❖ टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, बिजुलीका स्वीच अफ गरौं,
❖ त्यस्ता उपकरण बिजुलीको प्लगबाट छुटाऔं,
❖ तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीच अफ गरौं,
❖ नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
❖ झ्याल, भऱ्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं,
❖ भित्ता वा झ्यालमा अडेस लागेर नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# शुक्लाफाँटा आरक्ष विस्थापितका समस्या समाधान गर्न सांसद तामाङको माग

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १९ साउन**

नेकपा एमालेका नेता एवं कञ्चनपुर क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद तारा लामा तामाङले शुक्लाफाँटा आरक्ष विस्थापितको समस्या समाधान गर्न माग गरेका छन्।

सोमवार प्रतिनिधि सभाको शून्य समयमा बोल्दै सांसद तामाङले आरक्ष विस्थापितको समस्या दीर्घकालीन रुपमा समाधान गर्न सरकारसँग माग गरेका हुन।

सांसद तामाङका अनुसार, विसं २०५८ सालमा शुक्लाफाँटा वन्यजन्तु आरक्ष (हाल राष्ट्रिय निकुञ्ज) विस्तारका क्रममा विस्थापित भएका नागरिकको पुनर्स्थापनाका लागी सरकारले ३२ वटा आयोग गठन गरेर करोडौं रकम खर्च भइसक्दा पनि समस्या समाधान हुन सकेको छैन। 'आरक्ष विस्थापितहरू कञ्चनपुरको ढक्का शिविर सहित अन्य शिविर हरूमा अत्यन्त कष्टकर जीवन बिताइरहेका छन्, सांसद तामाङले भने-'छिटो भन्दा छिटो मानवीय हिसाबले बस्ती र आरक्ष पीडितहरूको न्यूनतम




आवश्यकता भए पनि तत्काल समाधान गरी पीडितहरूको दीर्घकालीन समाधानको लागी सरकार सँग अनुरोध गर्दछु।'

साथै, प्रतिनिधि सभाको शून्य समयमा बोल्दै सांसद तामाङले कञ्चनपुर र कैलालीमा बाढी डुबानको समस्या समाधान गर्न पनि सरकार सँग माग गरेका छन्। महाकाली नदी, चौधर नदी लगायत विभिन्न खोलामा विगत ३/४ वर्षदेखि नदीजन्य पदार्थ ननिकालिँदा नदी खोलामा पानी निकास हुन नपाएकाले यथाशीघ्र नदीजन्य पदार्थ निकाल्ने व्यवस्था मिलाउन समेत सांसद तामाङले सरकार सँग माग गरेका छन्।

# धरौटी बुझाएर दुर्गा प्रसाईं रिहा

**काठमाडौं**: उच्च अदालत पाटनको आदेशपछि मेडिकल व्यवसायी दुर्गा प्रसाईं रिहा भएका छन्। उनलाई अदालते गत चैत १५ गते भएको तीनकुने घटना र बैंकिङ कसूरमा २५ लाख रुपैयाँ धरौटी मागेर छाड्ने आदेश दिएको थियो।

उनको स्वागतका लागि समर्थकहरु डिल्लीबजार कारागार परिसरमा आएका थिए।



त्यस्तै, नेपाली कांग्रेसका सांसद सुनिल शर्मा पनि प्रसाईंलाई स्वागत गर्न कारागार पुगेका थिए।

# डिपिआरमा त्रुटीका कारण नगर अस्पताल बन्न ढिलाई भयो : कृष्णपुर नगरपालिका

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १९ साउन**

जमिन अभावका कारण कृष्णपुर नगर अस्पतालको भवन निर्माण ढिलाई भएको नगरपालिकाले जनाएको छ। नगरपालिकाले अस्पताल बनाउनका लागि ११ माघ ०७७ सालमा सूचना प्रकासित गरेर प्रकृया अघि बढाएका थियो। जस अनुरुप कृष्णपुर नगरपालिका ५ गुलरिया स्थित स्वास्थ्य चौकीकै प्राङगणमा नगर अस्पताल बनाउने ठेक्का गरिएको थियो।

बराह डेभलपर्स प्रालि(राजेन्द्र निर्माण सेवा प्रालि)ले दुई बर्षभित्रै नगर अस्पताल बनाउने सम्झौता गरेको थियो। तर, सम्झौता सकिएको २ बर्षसम्म पनि अस्पताल निर्माण हुन नसकेको छैन।

५ जेठ ०७८ देखि ४ जेठ ०८० सम्म अस्पताल बनाईसक्ने नगरपालिकासंग ६ करोड, ९९ लाख, ७३ हजार, ६ सय ७६ रुपैया भ्याट सहित सम्झौता गरेको थियो। निर्माण व्यवसायीले नगरपालिकाले उतिबेलै साईड दिन नसक्दा काम गर्न छाडेको जनाएको छ।

कृष्णपुर नगरपालिका-५ का वडाध्यक्ष समेत रहेका स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष टेक पाण्डेयले नगर अस्पताल निर्माणका लागि कम्तिमा ११कट्ठा जमिन आवश्यक भएपनि उतिबेला जमिनको एकीन नगरेर डिपिआर बनाएको बताए। 'नगर अस्पतालका लागि चाहिने जमिन भन्दा डिपिआर पनि २मिटर ठुलो बनाईएको रहेछ, 'उनले



भने, 'उक्त डिपिआरपनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत गराउनुपर्ने भएपनि नगराएरै टेण्डर आब्हानदेखि सम्झौता गर्दा निर्माण कार्य हुन नसकेको बताए।

'अस्पताल निर्माणका लागि शुरुवाती चरणदेखि त्रृटीपुर्ण काम भएको पाईयो, 'उनले भने, 'त्रृटीपूर्ण सम्झौताको अन्तिम टुङगा नलाग्दासम्म निर्माण कार्य अघि बढ्न सकेन, मुख्य विषय ठेकेदारलाई स्पष्ट लाईन दिनसक्दा नै अस्पताल निर्माण कार्य शुरुवात नै हुन नसकेको रहेछ।' अध्यक्ष पाण्डेयले अधिल्लो एमाले नेतृत्वको स्थानीय सरकारकै पालनामा टेण्डर सम्झौता भएपनि ठेकेदारलाई अस्पताल भवन निर्माणका लागि जमिन दिन नसक्दा अहिलेसम्म निर्माण कार्य शुरुवात हुन नसकेको नसकेको दावि गरेका छन। 'यो नगर अस्पताल बनाउने कार्य ०७८मै ठेक्का भएको रहेछ, 'उनले भने, 'हामीले ०७९ मा चुनाव जितेर नगरमा आयौं, अहिले आएर उनै साथीहरु नगर अस्पताल बनेन भनेर दोष थुपार्दै आएका छन।' त्रृटीपूर्ण सम्झौता हुँदा दोषिजती आफुहरुमाथि खनाउने काम भएको भन्दै उनले सुधारका लागि पहल भईरहेको बताए। 'निर्माण व्यवसायीले पहिलो पेश्की लिईसकेको रहेछ, 'उनले भने, 'ठेक्का तोड्दा समेत व्यवसायीलाई लाईन दिन नसक्दा अहिलेसम्म नगर अस्पतालको भवन हामीले बनाउन सकेनौं।' उनले नगर अस्पतालका लागि चाहिने आवश्यक जमिनको खोजिमा रहेको बताउँदै कृष्णपुर नगर अस्पताल निर्माणका लागि पहल भईरहेको बताए।

१५ मंसिर ०७७ सालमा तत्तकालिन प्रधानमन्त्री केपी शर्मा ओलीले देशभरका ३ सय ९६ पालिका अस्पतालको उद्घाटन गरेपनि कृष्णपुरमा कामकाज अघि बढ्न सकेको छैन।

कृष्णपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख रतन विष्टले डिपिआर अनुरुप जमिन अभाव हुँदा अस्पताल निर्माण हुन नसकेको बताए। 'नगर अस्पताल बनाउन टेण्डर भयो, तर टेण्डरको डिपिआर अनुरुप फिल्डमा जमिन थिएन, 'उनले भने, 'जमिन अभावले नै अस्पताल बन्न सकेन।'

कृष्णपुर नगर प्रमुख हेमराज ओझाले नगर अस्पताल निर्माणका लागि जमिनको खोजी भईरहेको बताए। 'पहिले जमिनको सुनिश्चिता बिनै टेण्डर आब्हान गरियो, 'उनले भने, 'त्यसैले निर्माण नै हुन सकेन, अब हामीले नगरभित्रै पायक पर्ने स्थानमा जमिन खोजेर अस्पताल निर्माण कार्य अघि बढाउँछौं।'

प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्
**भिमदत्त बहुप्राविधिक शिक्षालय**
पाटन, बैतडी

**डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन फार्मेसीमा नयाँ भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को आंगिक शिक्षालय भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडीमा नयाँ शैक्षिक सत्र २०८२/०८३ को लागि पूर्ण शुल्किय तर्फ, **डिप्लोमा इन फार्मेसी** कार्यक्रममा ४० जनाको लागि तपशिल अनुसारका कोटाहरुमा आवेदन फारम खोलिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.न. | कोटा | डिप्लोमा इन फार्मेसी |
|---|---|---|
| १ | महिला | १ |
| २ | दलित, हलिया, पूर्व कमैया | १ |
| ३ | पिछडिएका, दुर्गम, आर्थिक विपन्न, आदिवासी जनजाती | १ |
| ४ | अपाङ्ग, दन्द पिडित, जनयुद्ध/मधेश आन्दोलन विस्थापित, घाइते, शहिद परिवार | १ |
| ५ | TSLC/प्रि-डिप्लोमा | ४ |
| ६ | परिषद् कर्मचारी कोटा | १ |
| ७ | बैतडी जिल्ला कोटा | ३ |
| ८ | दार्चुला जिल्ला कोटा | २ |
| ९ | पाटन नगरपालिका कोटा | २ |
| १० | खुला | २० |
| ११ | वर्गीकृत छात्रवृति कोटा | ३ |
| १२ | जेहनदार छात्रवृति कोटा | १ |
| जम्मा | | ४० |

**प्रवेश परीक्षा शुल्क** : १०००।-(एक हजार मात्र)
**आवेदन फारम वितरण मिति** : २०८२/०४/०६ गते मंगलबार देखि
**आवेदन फारम भर्ने अन्तिम मिति** : २०८२/०४/२६ गते सोमबारसम्म
**आवेदन फारमसाथ बुझाउनुपर्ने कागजातहरू**
◆SEE/SLC को लब्धाङ्क पत्रको प्रतिलिपि, ◆चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, ◆SEE/SLC को प्रमाण पत्रको प्रतिलिपि
◆जन्मदर्ता प्रमाण/नाबालिक प्रमाणपत्रको प्रतिलिपि ◆ आरक्षण कोटाको हकमा सम्बन्धीत निकायबाट सिफारिश पत्र
◆पासपोर्ट साइजको (35 mm*45mm) को रङ्गीन फोटो ३ प्रति
**आवश्यक न्युनतम योग्यता** :
डिप्लोमा इन फार्मेसी कार्यक्रमको हकमा मान्यतआ प्राप्त शिक्षण संस्थाबाट SEE परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान बिषय लिई **समग्रमा न्युनतम २.00 GPA** सबै कार्यक्रममा प्रि डिप्लोमा कोटाको लागि **कुल पूर्णङ्कमा ६८.३३ प्रतिशत अंक** प्राप्त गरी उत्तीर्ण गरेको।
सम्पर्क नम्बर : ०९५४०००९४, ९८५८७८०३२९
नोट : आवेदन फारम www.bdpi.edu.np अथवा www.ctevt.org.np बाट पनि प्राप्त गर्न सकिनेछ।
परीक्षार्थीहरुले www.ctevtexam.org.np बाट अनलाईन आवेदन बुझाउन पर्नेछ।

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**

प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्
**भिमदत्त बहुप्राविधिक शिक्षालय**
पाटन, बैतडी

**डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन सिभिल इन्जिनियरिङ्गमा नयाँ भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को आंगिक शिक्षालय भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडीमा नयाँ शैक्षिक सत्र २०८२/०८३ को लागि पूर्ण शुल्किय तर्फ, **डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग (ओभरसियर)** कार्यक्रममा ४८ जनाको लागि तपशिल अनुसारका कोटाहरुमा आवेदन फारम खोलिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.न. | कोटा | डिप्लोमा इन फार्मेसी |
|---|---|---|
| १ | महिला | १ |
| २ | दलित, हलिया, पूर्व कमैया | १ |
| ३ | पिछडिएका, दुर्गम, आर्थिक विपन्न, आदिवासी जनजाती | १ |
| ४ | अपाङ्ग, दन्द पिडित, जनयुद्ध/मधेश आन्दोलन विस्थापित, घाइते, शहिद परिवार | १ |
| ५ | TSLC/प्रि-डिप्लोमा | ५ |
| ६ | परिषद् कर्मचारी कोटा | १ |
| ७ | बैतडी जिल्ला कोटा | ३ |
| ८ | दार्चुला जिल्ला कोटा | २ |
| ९ | पाटन नगरपालिका कोटा | २ |
| १० | खुला | २६ |
| ११ | वर्गीकृत छात्रवृति कोटा | ४ |
| १२ | जेहनदार छात्रवृति कोटा | १ |
| जम्मा | | ४८ |

**प्रवेश परीक्षा शुल्क** : १०००।-(एक हजार मात्र)
**आवेदन फारम वितरण मिति** : २०८२/०३/२३ गते सोमबार देखि
**आवेदन फारम भर्ने अन्तिम मिति** : २०८२/०४/२० गते मंगलबारसम्म
**आवेदन फारमसाथ बुझाउनुपर्ने कागजातहरू**
◆SEE/SLC को लब्धाङ्क पत्रको प्रतिलिपि, ◆चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, ◆SEE/SLC को प्रमाण पत्रको प्रतिलिपि
◆जन्मदर्ता प्रमाण/नाबालिक प्रमाणपत्रको प्रतिलिपि ◆ आरक्षण कोटाको हकमा सम्बन्धीत निकायबाट सिफारिश पत्र
◆पासपोर्ट साइजको (35 mm*45mm) को रङ्गीन फोटो ३ प्रति
**आवश्यक न्युनतम योग्यता** :
**डिप्लोमा इन सिभल इन्जिनियरिङ्ग कार्यक्रमको** हकमा मान्यतआ प्राप्त शिक्षण संस्थाबाट SEE परीक्षामा **अनिवार्य गणित र विज्ञान बिषय लिई समग्रमा न्युनतम १.६ GPA** सबै कार्यक्रममा प्रि डिप्लोमा कोटाको लागि **कुल पूर्णङ्कमा ६८.३३ प्रतिशत** अंक प्राप्त गरी उत्तीर्ण गरेको।
सम्पर्क नम्बर : ०९५४०००९४, ९८५८७८०३२९
नोट : आवेदन फारम www.bdpi.edu.np अथवा www.ctevt.org.np बाट पनि प्राप्त गर्न सकिनेछ।
परीक्षार्थीहरुले www.ctevtexam.org.np बाट अनलाईन आवेदन बुझाउन पर्नेछ।

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७